# WATER INTEGRITY NETWORK

ADVOCACY DOCUMENT
Nepali Language

January 7, 2009

Extract from Original by
**Ramesh Kumar Sharma**
WIN-ISC

rameshksharma@gmail.com

M. 00977 9841278544

# जल भ्रष्टाचार मुक्तिकालागी एकिकरण हुने अभियान

**जल भ्रष्टाचार मुत्ति अभियान के का लागी**




- पिछडीएकाहरुको आर्थिक विकास पुनप्राप्तीको लागी
- स्वास्थ्य सम्बन्धी जोखिम सुधारका लागी
- बिपन्नको जीवनस्तरमा आर्थिक उन्नतीकालागी
- जलमाथि सबैको पहुच बनाई, पानी संम्बन्धि गरीबि न्यूनीकरणको लागी

जल भ्रष्टाचार एक ओझेलमा परेको पाटो
अनुसन्धानहरुले संसारका धेरै देशमा जलसम्बन्धित निम्न क्षेत्रहरुमा भ्रष्टाचार व्यापक रुपमा रहेको देखाउछ ।

१. सिंचाई
२. जलउर्जा
३. खानेपानी तथा सरसफाई
४. जलस्रोत व्यवस्थापन

जलभ्रष्टाचारका विभिन्न पाटो हुनुका साथै घटना र विशालतामा काण्ड पिच्छे फरक भएको पाइन्छ । world water corresption report का अनौपचारीक अनुसंन्धान अनुसार जल क्षेत्रमा आउने लगानीको ठूलो भाग सुदपयोग भई भ्रष्टाचारमा प्रयुक्त हुन जान्छ

- अफ्रिकामा बार्षिक ६.७ विलियन प्रतिवर्ष खर्च भैरहेको छ, सहस्राब्दी लक्ष्य(mdg) प्राप्त गर्नका लागी हालको ३० प्रतिसत चुहावट हुन जाने देखिन्छ ।
- भारतको हालै गरिएको एक अनुसन्धानमा खा. पा. क्षेत्रको कार्यक्रममा गरिने खर्च मध्ये ५० प्रतिशतमा लेनदेन हुने देखिएको छ । जल भ्रष्टाचारबाट सर्वथा विपन्नहरु सबै भन्दा बढी प्रभावित हुन पुग्दछन् । खा. पा. महसुल बढनाले, पानी अप्राप्त हुनाले, कन्सेसन नपाउनाले, घण्टौ लगाएर प्रदुषित पानी ओसारेर खानुपर्नाले उनीहरुको सम्पुर्ण जीवनमा नकारात्मक प्रभावत पर्छनै स्वास्थ्य पनि दिनानुदिन चौपट हुन पुग्दछ । यसले सामाजिक एकीकरण, भाईचारालाई असर पार्दै सम्पुर्ण प्रजातान्त्रिक राजनैतिक अभ्यास माथिनै गम्भीर प्रश्न चिन्ह खडा गरिदिन्छ ।4n world water development २००६ को प्रतिवेदन अनुसार १.२५ बिलियन व्यक्तिहरु यसरी पिडीत छन् । मानविय क्षतिको कारण हुनुका साथै जल भ्रष्टाचारको बेरीतिले पानी प्रदुषण, पानीको कमी हुने तथा भुगर्भ सम्म पनि प्रदुषण, हुने दिशातिर स्थिति अगि बढ्न जान्छ ।

## भ्रष्टाचारको बास्तविकता

- पानी लिन बेपायक पार्ने लाईन जडान गर्न घुस लिने ।
- गरिबलाई खा. पा. आयोजनाहरुको लागत बढि निकाल्ने ।
- सिंचाई कुलो गरिबको खेतभन्दा परतिर वाट लैजाने ।
- आयोजना माग परिचालीत नहुने, गरिबको पहुच नहुने
- गलत मिटर रिडिङ्ग गरिने, चुहावट गरीने
- कुनै पनी आयोजनाको खरिद कार्य जनताको हातमा नहुने, कमिसनको खेल चल्ने ।
- आफ्ना मान्छेका लागि जागिर तथा पदोन्नती व्यवस्थित गरिने ।




## समाधान तर्फका पाइलाहरु

जलक्षेत्रमा भ्रष्टाचार प्राय देशको कार्य प्रकृयामा संस्थागत भै बसिसकेको अवस्थामा व्यक्ति व्यक्तिको नैतिक मुल्य मान्यतामा गहिरो ल्याउने गरि परिवर्तनको क्रम सुरु गरिनु पर्ने देखिन्छ । दशकौ देखि खासै सोच वा सार्थक प्रयास हुन नसकेको क्षेत्रलाई सुधार गर्नु चानचुने कुरा देखिदैन । तथापि आयोजना तथा सेवा विस्तारमा जनताको हरेक विधामा सहभागीता र सम्पुर्ण पारदर्शिताको अभ्यासले केही सुधार समयमै हुन सक्ने देखिन्छ । आर्थिक व्यवहारमा पनि नैतिक आचरण व्यक्ति व्यक्तिमा ल्याउनु पर्ने देखिन्छ । दिनानुदिनको जीवनयापनमै कुप्रभाव पारेको भएता पनी जल भ्रष्टाचार संम्बन्धी कुराहरु जनताको माझ ब्यापक रुपमा ल्याउन बांकी नै देखिन्छ । एउटै समाधान हरेक तिर प्रभावकारी हुदैन भन्ने कुरा बुझ्दै सर्म्पुण जनमानसलाई जलक्षेत्रको सुव्यवस्थापनमा सहभागी हुन एकैबद्ध गर्नुपर्ने प्रथम आवश्यता आजको विश्वमा ट्डकारो भै अगाडी आईसकेको छ ।




- १९९४मा जनसरोकारलाई ध्यानमा राखि public foundation of Banglore इन्डियाले जनमुल्याङ्कन कार्डहरु citizen report card's (CRCs) प्रयोग गरी सेवा स्तर जनताकालागी भरपर्दो भए नभएको मुल्याङ्कन गर्ने कार्य गरी सेवा दातृ तथा सेवा ग्राहीको बिचमा सुधार ल्याउने पहल गरेमा
- उपरोक्त कार्यक्रमकै अनुशरणमा ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिती (RWSSFDB) ले जागरण कार्यक्रमको नाउंबाट सामुदायीक मुल्याङ्कन कार्डको चलन सुरु गरेको छ । जागरण

कार्यक्रमलाई देश व्यापि बनाउन २५ पारा प्रोफेसनलहरुलाई चार प्रकारका तालिम दिई तयार गरिएको छ । सम्पुर्ण आवद्ध संस्थाहरुलाई तालिमको क्रम संगै सबै समुदायमा जागरण समीती छुटै रुपमा बनाई खानेपानी तथा सरसफाई क्षेत्रका कार्य अगाडी बढाउने तयारी भै सकेको छ ।



- पाकिस्थान कराचि ठेका प्रकृया टान्सपेरेन्सि इन्टरनेशनलले अनुगमन गरी पारदर्शीता अपनाई ३.१ मिलीयन बचत गराई दिएको दृष्टान्त छ । यसमा ठेका प्रकृयाबाट कमीसनको भाग हटाई कन्सलटेन्सि वा कन्सटेसनको लागी कन्ट्राक्ट तथा सप्लाईको लागी सही मुल्याङ्कन गरि काम सम्वन्धी छनौट भएको पक्षलाई दिईएको थियो ।

**Water Integrity Network (WIN)**

उपरोक्त अनुसारका भ्रष्टाचार अनियमितता र सेवा स्तरमा गिरावटका समस्यामा विश्व स्तरमा जलक्षेत्रमा सुधार ल्याउने हेतुले IRC,SIWI,WSP African तथा Transperency International को पहलमा २००६ मा WTN को जन्म भयो । यसको मुख्य उदेश्य विश्व भरि जलक्षेत्रमा भ्रष्टाचारलाई उन्मुलन गर्नुनै हो । यसले जवाफदेहीता, पारदर्शिता, ऐकवद्धता, इमान्दारिता, आपसि सहयोग तथा सुचना आदान प्रदान गर्दै आफ्ना सदस्यहरुको बलवाट जल क्षेत्रमा भ्रष्टाचार मुक्त बनाउन अठोट अनुसार अभियानका रुपमा अगाडी बढने सोच राखेको छ ।

**WIN कार्यक्षेत्रमा**

WIN ले सबै प्रती खुला रही सबैलाई अगाल्दै समाधान मुखी संस्थाको रुपमा अगाडी बढी रहेको छ । यसले नागरीक समाज (civil society) ,सरकारी/गैर सरकारी/प्राइवेट संस्था, संचार क्षेत्र तथा राष्ट्रिय सरकार सबै संग काम गरी रहेको छ । राष्ट्रिय प्रदेशिक तथा स्थानीय स्तरमा विभिन्न भ्रष्टाचार उन्मुलक साना ठूला कार्यक्रम लिई



13th Anticorruption Conference and WIN ISC Meeting Athens Greece Oct 2008



Strategic Planning Meeting Germany Feb, 2009

यो अगाडी बढ्दै छ । Win का सदस्यहरुले भ्रष्टाचारको बिरोधमा जागरण गराउने र अभ्यास गराउने कार्य गरिरहेका हुन्छन् । यिनीहरु अनुसन्धान मुखि तथा राम्रा प्रयासहरुलाई प्रचार प्रसार गराउने हिसावले पनी कार्य गर्छन् । नराम्रा कार्यलाई परास्त पार्ने तरिका, औजार, अनुगमनको तरीकाको अभ्यास मार्फत, व्यक्तिलाई ऐकबद्ध गर्ने तथा यो पुरा संजालको क्षमता अभिवृद्धि गर्ने प्रयास निरन्तर रुपमा अगाडी बढी रहनुपर्ने हुन्छ । WIN ले आआफ्नो देशको परिपेक्ष्यमा भै रहेका भ्रष्टाचार विरोध, सुसासन सम्बन्धि कार्य तथा सफल प्रयासलाई सिको गरि जल क्षेत्रमा पनी यस्ता कुरा अभ्यास गरी परिवर्तन ल्याउने प्रयास गर्दछ ।

Transparency International को वर्लिन स्थिति मुख्यालयमा Win secretariat कार्यालय रहेको छ । Dr. Hakan Tropp यसका अध्यक्ष हुनुहुन्छ ।

**आउनुहोस तपाई पनि सदस्य बनी भ्रष्टाचार विरोधी अभियानमा साथि बन्नुहोस ।**

# जितको लागी अघि बढौं



WIN Manager Teun F. Bastemeijer in Presentation

***Join ► Learn ► Inform ► Act***

**►आउनुस ► सिक्नुस ► सुचना प्रसारण गर्नुहोस् ►कार्य थाल्नुहोस्**

Water Integrity Network (WIN)

www.waterintegritynetwork.net

Tel +49-30-34 38 20-40
Fax +49-30-34 70 39-12
Alt-Moabit 96, 10559 Berlin, Germany
Email info@waterintegritynetwork.net
More information C/O Donal T. O'Leary www.transparency.org

Transparency International is the global civil society organisation leading the fight against corruption.